## जुत्ता खुट्टाको लागि हुनुपर्छ
-पुष्प मुनंकर्मी

पालिस दलेर राम्रो बनाइएको
एकजोर जुत्ता दिएर
उसले मलाई भन्यो
“यो जुत्ता लगाउ”
मैले भनें
“यो जुत्ता त सानो छ
मेरो नाप अनुसार छैन”
उसले फेरि भन्यो
“हामी केहि पनि जान्दैनौं
यो जुत्ता नै लगाउनु पर्छ”

काम नलाग्ने जुत्ताले गर्दा
खुत्ता नै दुख्यो
फलत तिनीहरु संग हिड्न सकिन
मलाई गालि गर्दै भन्यो
“छिटो हिड.....
बिहानी हुनु भन्दा पहिले नै
हामी त्यहाँ पुग्नु पर्छ”
तर जति हिडें पनि
न त बिहानी नै भयो
न त लक्ष्ममा नै पुगियो

आज दोबाटोमा पुगेपछि
नडराइकन सोधें
“खुत्ता भनेको जुत्ताको लागि हो र ?”

## पंखा
कोथा भित्रमात्रै सिमित भएर बस्ने हावालाई
गति दिएर
सबैलाई सितल पार्ने पंखा,

हावालाई जीवन दिएर
बाहिर ल्याउने पंखा

आज आफै चुपचाप बसेपछि
रिसले आगो भएर
झ्यालबाट भित्र पसेर
पंखालाई नै हल्लाउदै भन्यो
“यो मौन बस्ने समय होइन
उठ !”

## बर्णमाला
बर्णमाला – क = बर्णमाला – १
बर्णमाला – ख = बर्णमाला – २

........ ........ ..........
........ ........ ..........
बर्णमाला – त्र = १
बर्णमाला – ज्ञ = ०
एउटा एउटा गर्दै
बर्णमाला त्यागेर गएपछि अक्षरले
बाक्लो भएर पनि भुत्रो भइसकेको
किताबको खोल मात्र बाकी रहयो
"ए किताब छोडेर जाने अक्षरहरु !
एक्लै बसेर
के तिमीहरुको अस्तित्व कायम रहन्छ र ?"

## चिसो नदि

नदिको पानी चिसै हुन्छ
जहिले पनि हिमालको पानी भई बग्ने
चिसो पानी भनेर
नदीलाई कहिले पनि नहेप्नू
नदी आफैमा चिसो भएतापनि
उ भित्र उम्लेको रगत लुकेको हुन्छ
जब नदीको बाटो छेक्छ
जब उसलाई जिस्काउछ
जब उसलाई बग्ने ठाउँ समेत नदिइ
थुन्न खोज्छ
अनि उ भित्र लुकेको
तातो रगतको फोहरा बिस्फोट हुन्छ
त्यसपछि बगानेछ रक्त नदीले
पर्खाल हुँ भन्नेहरुलाई
जति पुरानो अनि ठुलो भनिएको महल पनि
जग देखि हल्लाउदै ध्वस्त पारी दिन्छ ।

जब आकाशबाट रक्त बर्षा हुनथाल्छ
जब रक्त नदी शहर बस्तीभित्र पस्छ
अनि बिस्फोट भएको रगतको ज्वालामुखी अगाडि
कोही पनि बस्न सक्दैनन्
चाहे त्यो जमिन भित्र लुकेर बस्ने होस्,
या आकाश मेरै हो भन्दै
धक्कु लाउदै उडी हिड्ने होस्,
अनि सारा संसारलाई नै रगतले छोप्नेछ
आजका यी बिकृतिका अग्रजका
बिउलाई समते निमित्यान्न गर्नेछन्
अनि मात्र रगतको उग्ररुप शान्त हुनेछन् ।

## विस्फोटको संघारमा च्छो रोल्पा

हिमालबाछ शुरु भएर
खाल्डोमा जम्मा भई बस्ने पानी
च्छो रोल्पाको रुप हो

समय जति बित्छ
च्छो रोल्पा त्यति नै ठुलो हुन्छ
जति त्यो ठूलो हुन्छ
त्यति नै डराएका मानिहरु
टढैबाट हेरेर पछि हट्छ
गहिराई अन्दाज गरेर
त्योसंग यतिसम्म पानी हुनुपर्छ भन्दै
अनुमान लाउछ

च्छोरोल्पाको बिशालता देखेर
तर्सेका मानिसहरु
त्यसको घनत्व घटाउन
ढल बनाएर पानी बाहिर लगेतापनि
च्छो रोल्पा फेरि त्यति नै भरी भएर आउँछ ।

## ए गोलहरु, आगोको मुस्लो भएर उठ

तिमीहरुलाई थाहा छैन होला
आगो लगाएरु तिमीहरुलाई गोल बनाएको
त्यसैले आज तिमीहरु गोल भएर बाच्न परेकाछन्

एक दुई ठाऊँमा गोलले लेख्दैमा
तिमीहरुले सोच्यो कि
रिसलाई ब्यक्त गरी सक्यो भनेर
गोलको संसारमा बाचीरहेकोलाई
कालो नै दली दिएतापनि केहि फरक पर्ने छैन

कसरी तिमीहरुलाई थाहा नभएको
जब जब तिनीहरुलाई चाहियो
तब तब तिमीहरु सल्काउदै
तमाखु तानिरहेको
अनि न्यानो गरी बस्नको लागि
मकलमा राख्दै तापीरहेको
तिमीहरु भने बल्न पाएर मख्ख छौं

अहिले भने बाकी रहेको दुबोलाई पनि
खरानी पार्नको लागि
फेरि तिमीहरुलाई खोज्दैछन्

तिमीहरु गोल भएतापनि
अझ पनि ठाउँ ठाउँमा
आगोको बिउ बाकी नैछन्
अब त्यो बिउबाट आगोको मुस्लो श्रृजना गरी देऊ
अनि तिमीहरुलाई जलाउदै
आगो ताप्नको लागि आउनेहरुलाई नै पोली देउ
आजको आगो नै
भोलीको लागि मल हुनेछन् ।

## कसले बिगार्यो किताबलाई ?

सन्जुक भित्र राखेको किताब
किराले खायो भन्दै
सन्जुक नै फोरेर
किताब निकाली भ्यार भ्रुर पार्यो
किताबको धागो नै चुडिनेगरी
पाना नै च्यातिने गरी
किताबमा ढुसी पनि पर्यो भनेर
घाममा सुकाइदियो
केस्रा केस्रा केलाउदै सुकुटी जस्तै
(उसको लागि यो किताब सुकुटी नै हो)
सेकेर धुजाधुजा भएको किताबलाई
त्यसमा लागेका दाग मेटाउने नाममा
फेरि पानीमा चोप्दै माड्यो

टुक्राटुक्रा भएर भ्यारभ्रुर भएको किताबलाई
त्यसपछि मात्र सबैको अगाडि राख्दै भन्यो
"ल हेर ! यो किताब त कामै लागेन
अब अर्कै किताब चहिएको छ ।"

नयाँ किताबको नाममा
भजन लेखेको,
महादेब, पार्वति, गणेशको तस्बिर सजाएको
किताब बाहिर ल्यायो

तर समय भने अचम्म मान्दै भन्यो
"यो त भजन गाउन लाउने थ्यासफू मात्र हो ।"

## रत्नपार्कको नाङ्गलो पसल

नाङ्गलोमा राखेर
रंग भनी बेच्न ल्यायो
तर कसैले पनि किनेनन्

अर्कै रंग राखेर
अर्कै मान्छे आयो
यसपाली पनि कसैले किनेनन्

गाऊँमा समेत बेच्न हिडीं रह्यो
तर त्यहाँ पनि कसैले किनेनन्

आज रत्नपार्कमा
प्रत्येक दिन नयाँ नयाँ नाङ्गलो पसल निकाली रहयो
तर रंगहनि रंगमा
कसैले आँखा समेत लाएन ।

## समयलाई वास्ता नगरेपछि

हिजो मैले
समयलाई जिस्काइरहें
समयसंग ठटा गरीरहें
समयसंग खेलीरहें

समयले मलाई
संगै लानको लागि
खोज्न नआएको पनि हैन
तापनि
बहना बनाएर
उनिसंग गइँन

आज म
थोत्रो घर
चुडेको चपल
दान पाएको लुगा लगाएर
समयको औंला समातेर
टाढा लागेका मानिस हेर्दै
थुक निलीरहेकोछु ।

## मेरो जीवन !

मेरो जीवन
रक्सी लिने बाटा जस्तो मात्र रहेछ

रक्सी त तिनीहरुले लिएको थियो
तर दाग मेरो शरीरमा लाग्यो
मलाई खियाएर माडदै
फेरि प्रयोग गर्यो

तातो बाफले जति पोलेतापनि
त्यसलाई तपतप नचुहाएको हैन
जहाँ जहाँ लग्यो
त्यहाँ त्यहाँ यस्तो काम नगरकोपनि हेन
म त केबल भाडामा राखीएको
सामान जस्तै मात्र रहेछ
आज काम सकेपछि
अँध्यारो कोठामा उतानो पारीदियो
मसंगै रहेका पानी पनि
मलाई छोडी गए
आज म पुरानो थोत्रो कपडाबाट छोपाएर
भित्रै रहनु पर्यो ।